# *टिमुरको झोल* कथासङ्ग्रहमा परिवेश चित्रण

*डा. शंकरप्रसाद गैरे**

**Email: gaireshankar2012@gmail.com**

**लेखसार**

*प्रस्तुत लेख विश्वप्रेम अधिकारीको 'टिमुरको झोल' कठासङ्ग्रहमा समाविष्ट कथाहरूमा प्रयुक्त परिवेशको अध्ययनमा केन्द्रित छ । परिवेश चित्रण सम्बन्धी अवस्थाको अध्ययन यस अध्ययनको प्रमुख शोध्य समस्या हो । कथा सिर्जनामा परिवेशको विशेष महत्त्व रहन्छ । कथानकको विकास र पात्रहरूको गतिशीलताका साथै कथामा जीवन्तता, विश्वसनीयता, युगजनीनता जस्ता वैशिष्ट्य कायम गर्न परिवेशको अहम् भूमिका रहन्छ । तसर्थ यस शोधलेखमा परिवेश चित्रण र विश्लेषण सम्बन्धी नवीनतम सैद्धान्तिक धारणाका पक्षहरू काल, समय, अवस्थाहरूको अध्ययन सैद्धान्तिक रूपमा गर्नुका साथै 'टिमुरको झोल' कथासङ्ग्रहमा केकस्तो परिवेश चित्रण पाइन्छ भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर 'टिमुरको झोल' कथासङ्ग्रहमा समाविष्ट कथाहरूमा प्रयुक्त परिवेशलाई केन्द्रीयतामा राखी विश्लेषण कार्यलाई सम्पन्न गरी निष्कर्षमा पुऱ्याउने उद्देश्यमा यो शोध्य लेख केन्द्रित रहेको छ । 'टिमुरको झोल' सङ्ग्रहभित्रका कथाहरू प्रस्तुत लेखको मुख्य स्रोत सामग्री हो । पुस्तकालको प्रयोग गरी सङ्कलन गरिएका द्वितीय स्रोतका सैद्धान्तिक सामग्रीहरूलाई आधार बनाएर पहिचानात्मक तथा विश्लेषणात्मक विधिमा आधारित रहेर सम्पन्न गरिएको यो लेख परिवेश सम्बन्धी सैद्धान्तिक अवधारणाका साथै विश्वप्रेम अधिकारीका कथाहरूमा प्रयुक्त परिवेशको अध्ययनका दृष्टिले विशेष महत्त्वको रहेको छ ।*

शब्दकुञ्जी : काल, देश, परिवेश, पर्यावरण, वातावरण



* उपप्राध्यापक : त्रि.वि. (त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा)

# ENVIRONMENTAL ILLUSTRATION IN THE COLLECTION OF STORIES, *TIMURKO JHOL*

**Dr. Shankar Prasad Gaire**

## Abstract

*The present article focuses on the study of the environment used in the stories included in Vishwaprem Adhikari's 'Timurko Jhol' collection. The study of the situation related to the depiction of the environment is the major research problem of this study. Circumstances are of special importance in storytelling. The environment plays an important role in the development of the story and the dynamics of the characters as well as in maintaining the vitality, reliability and epoch-making features in the story. Therefore, this study focuses on the theoretical aspects of the latest theoretical concepts related to environment depiction and analysis, focusing on the problematic question of what kind of environment depiction is found in the collection of stories 'Timurko Jhol'. The stories in the 'Timurko Jhol' collection are the main source material of the present article. Based on the theoretical material of the second source compiled using the library and based on the identification and analytical method, this article is of special importance from the point of view of the theoretical concept of environment as well as the study of the environment used in the stories of cosmopolitan officials.*

Keywords : time, place, circumstance, ecology, environment

## विषय परिचय

विश्वप्रेम अधिकारी बहुविधामा कलम चलाउने स्रष्टा हुन् । २००३ सालमा स्याङ्जा जिल्लामा जन्मिएर औपचारिक शिक्षाका निम्ति भारतको बनारस पुगेका अधिकारीले विद्यार्थीकालमै साहित्यमा आफूलाई सक्रिय बनाएको पाइन्छ । बनारसमा रहँदा २०१९ मा कल्याणी वार्षिक पत्रिकाको प्रकाशन र सम्पादन गरेका अधिकारीले नेपाली साहित्यका शीर्षस्थ प्रतिभा लेखनाथ पौड्यालजस्ता व्यक्तित्वसँग सम्पर्क, पत्राचार गरी लेख सङ्कलन तथा कल्याणीको प्रकाशनलाई प्रभावकारी तुल्याएको देखिन्छ । त्यही क्रममा २०२३ मा रहर त्रैमासिक पत्रिकाको समेत प्रकाशन आरम्भ गरेका अधिकारीले नेपाल फर्किएपछि स्याङ्जामा केन्द्रित रहेर साहित्यिक गतिविधिलाई सक्रिय तुल्याएको पाइन्छ । शिक्षण पेशाका साथै राजनैतिक रूपमा सक्रिय अधिकारीले जेलनेल समेत भोग्नुपरेको थियो । ‘स्याङ्जा साहित्य प्रतिष्ठान’ नामक साहित्यिक संस्था स्थापना गरेर त्यसको नेतृत्व गर्दै *रजस्थल* त्रैमासिक पत्रिका प्रकाशन र सम्पादन गर्दै आइरहेका अधिकारीले संस्थागत रूपमा मात्र नभएर व्यक्तिगत रूपमा समेत आफूलाई साहित्यमा सक्रिय तुल्याएको पाइन्छ । उनका *मेरी छोरी* कवितासङ्ग्रह (२०४९), *बन्दीको मनस्थिति* कवितासङ्ग्रह (२०५२), *आमा* स्मृतिकाव्यसहितको *सङ्कल्प* कवितासङ्ग्रह (२०५५), *अचाङ्* *मनका स्वरहरू* कवितासङ्ग्रह (२०६१), *काव्यत्रयी* काव्यसङ्ग्रह (२०७३), कविता काव्य विधाका कृतिहरू हुन् । यसका साथै अन्य विधा र सङ्कलन

कार्यतर्फका कृतिहरूमा *आँधिखोले लोकसंस्कृति र लोकगीत* (२०५७), *पश्चिमाञ्चलका लोकगीत र परम्परा* (२०५८), *आधिखोले लोकसाहत्यि-प्रस्तुति र विश्लेषण* (२०५९)। *स्याङ्जाली साहित्यकार र तिनका सिर्जनाहरू* (२०६१), *सम्झनाका बिम्वहरू* संस्मरणात्मक निबन्धसङ्ग्रह (२०७१), जस्ता विविध विधाका कृतिहरू प्रकाशित छन् । पछिल्लो समयमा यिनी स्याङ्जाली साहित्यको इतिहास लेखनको कार्यमा सक्रिय छन् (पन्थ, २०७७, पृ. ७१) । *टिमुरको झोल* कथासङ्ग्रह (२०७४) यिनको पछिल्लो कृति हो ।

शिक्षा, साहित्य तथा सामाजिक कार्यमा गरेको योगदानको मूल्याङ्कन गर्दै अनेक संघसंस्थाहरूबाट दुई दर्जनभन्दा अधिक पुरस्कार प्राप्त गरेका विश्वप्रेम अधिकारीले २०७४ सालमा *टिमुरको झोल* नामक कथासङ्ग्रह प्रकाशित गरेका छन् । पाँचवटा कथाहरूको संगालोको रूपमा प्रकाशित यो कृतिभित्रका कथाहरू धेरै अगाडि लेखिएका र प्रकाशिनको पर्खाइमा रहेको देखिन्छ । रजस्थलको प्रकाशन आरम्भ भएपछि मात्र ती छापिए । लेखकको भनाइअनुसार उनले २०२२ सालबाट कथा लेख्न थालेका हुन् । उनको पहिलो कथा 'नौलो मान्छे' युगभाषा पत्रिकाको चौथो/पाँचौं अङ्कमा छापिएको थियो । (अधिकारी, २०७४, पृ. भूमिका) । २०३१/०३२ सालको बन्दी जीवनमा लेखिएका कथाहरू रजस्थलका विभिन्न अङ्कमा छापिए भने २०७४ मा *टिमुरको झोल* शीर्षकमा कथासङ्ग्रहका रूपमा प्रकाशित भयो । उनको लेखनका दृष्टिले पहिलो वा दोस्रो कथा 'माझी कान्छो' हालसम्म प्रकाशित भएको पाईंदैन (अधिकारी, २०७४, पृ. भूमिका) । प्रमोद पंज्ञानीका अनुसार गुरूप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूको प्रभाव पाइने (टिमुरको झोल, भूमिका) अधिकारीका कथाहरू मूलतः सामाजिक यथार्थका अभिव्यक्ति हुन् । उनका कथाले स्थानीय परिवेश वा वातावरणलाई ज्यादै प्रभावकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । तसर्थ निम्न समस्या र उद्देश्यलाई केन्द्रमा राखी प्रस्तुत विश्लेषणलाई अगाडि बढाइएको छ ।

## समस्या तथा उद्देश्य

कथाकार विश्वप्रेम अधिकारीको कथासङ्ग्रह *टिमुरको झोल* मा समाविष्ट कथाहरूमा परिवेशको चित्रण कसरी गरिएको छ ? भन्ने मुख्य समस्या नै प्रस्तुत लेखको प्रमुख समस्या हो । यही समस्यामा केन्द्रित रहेर परिवेश चित्रण सम्बन्धी सैद्धान्तिक कोणबाट प्रस्तुत कथासङ्ग्रहका कथामा केकस्तो परिवेश चित्रण छ भन्ने नै प्रस्तुत अध्ययनको समस्या चयन गरिएको छ । उपर्युक्त शोधसमस्यामा केन्द्रित रहेर विश्वप्रेम अधिकारीको *टिमुरको झोल* कथासङ्ग्रहभित्र समाविष्ट कथाहरूमा प्रयुक्त परिवेशको सैद्धान्तिक दृष्टिकोणबाट सूक्ष्म विश्लेषण गरी निष्कर्षमा पुग्नु नै प्रस्तुत शोधलेखको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत लेखको समस्याको प्रामाणिक समाधानका निम्ति मूलतः दुई प्रकारका सामग्रीहरूको सङ्कलन गरिएको छ । कृति विश्लेषणको मूल आधार सामग्रीको रूपमा विश्वप्रेम अधिकारीको *टिमुरको झोल* कथासङ्ग्रहभित्र समाविष्ट पाँचवटा कथाहरूलाई चयन गरिएको छ र यी कथाहरूमा केन्द्रित रही सङ्कलन गरिएका सामग्रीहरू प्राथमिक हुन् भने सैद्धान्तिक अध्ययनका लागि सङ्कलन गरिएका सामग्रीहरू द्वितीय स्रोतका सामग्री हुन् । यसप्रकार दुवै किसिमका सामग्री सङ्कलनको मूल स्रोत पुस्तकालयीय प्रक्रियालाई बनाइएको छ । सङ्कलित सामग्रीका आधारमा निर्धारित कथाहरूमा प्रयुक्त परिवेशको विश्लेषण गरिएकोले प्रस्तुत लेखमा विश्लेषण विधिको प्रयोग गरिएको छ । यसै आधारमा निर्धारित कथाहरूको मूल्य निरूपण गरिएको छ ।

## परिवेश सम्बन्धी सैद्धान्तिक आधार

परिवेश संस्कृत मूलको शब्द हो । वामन आप्टेले यस शब्दको उत्पत्ति परि+वेशः (परि+विश्(ष्)+घञ्) बाट बनेको देखाएका छन् (सन् १९६९, पृ. ५९०) । जसको अर्थ भोजन पस्किने प्रयोजनका निकट रहेको देखिन्छ । *नेपाली बृहत् शब्दकोश* अनुसार चारैतिरबाट भएको घेराइ; परिवेष्टन, सूर्य वा चन्द्रमाका चारैतिर देखिने एक प्रकारको मण्डल; सभा, परिधि सीमा, वातावरण (२०५८, पृ. ७४६) भन्ने लगाएको पाइन्छ । साहित्यसिद्धान्तमा भने मूलतः कथानक, पात्र, घटना आदिलाई अनुकूल प्रभाव पार्ने, सिर्जनामा जीवन्तता प्रदान

गर्ने, विश्वसनीयता सिर्जना गर्ने एक साहित्य तत्त्वका रूपमा परिवेशको चर्चा गरिएको पाइन्छ । यसलाई वातावरण वा पर्यावरण पनि भनिन्छ । वातावरणले कथालाई सजीव र स्वाभाविक बनाउँछ । सजीवता र स्वाभाविकताको अभावमा कथाको विश्वसनीयतामा ह्रास आउँछ (थापा, २०६६, पृ. १६३) । परिवेश अन्तर्गत देश/स्थान, काल/समय, परिस्थिति/अवस्था जस्ता कुराहरू समावेश हुन्छन् । गौतम र अधिकारीका अनुसार कथामा वर्णित स्थान, काल र वातावरणको समष्टि नै परवेश हो । यो पात्रले कार्यव्यापार सम्पन्न गर्ने ठाउँ, समय र परिस्थिति हो । परिवेशले स्थान काल र वातावरणमध्ये कुनै एकको अथवा तीनवटैको अभिव्यक्तिलाई जनाउँदछ (२०६९, पृ. १९) । यसका साथै घटनाहरू घटित हुने समाज, त्यस समाजको आर्थिक, नैतिक, व्यवहारिक, व्यवसायिक अवस्थाहरू, रीतिरिवाज, चालचलन, भेषभूषा, संस्कार, संस्कृति, शैक्षिक अवस्था भौगोलिक संरचना, आदि कुरा पर्दछन् (गैरे, २०७४, पृ. १५) । समाजवादी समालोचक टेन पनि कृतिविश्लेषणको मूल आधारका रूपमा कृति रचना भएको युगको पर्यावरणलाई विश्लेषणको मुख्य आधार मान्नुपर्ने धारणा राख्छन् (शर्मा र लुइटेल, २०६१, पृ. १२८) ।

परिवेशको ढाँचाकाँचा र रङ्गरोगन स्थानीय किसिमको हुनुपर्दछ वा हुन्छ । समाज, संस्कार र सभ्यता कार्यपीठिका र पात्रको निकट नेपथ्यमा निहित हुन्छ । समय र परिस्थितिका चापले प्रभाव पार्दै लगेपछि पर्यावरणका सम्पूर्ण पक्षहरू पात्रको जीवनपद्धतिलाई प्रभावित तुल्याउने कारणका रूपमा आइलाग्दछन् (सुवेदी, २०६४, पृ. २५) । प्रधानका अनुसार परिवेश वा वातावरणले देशको सामाजिक, धार्मिक, राजनीतिक परिस्थितिलाई जनाउँछ, आचार-विचार, रीतिस्थिति, चालचलनहरूलाई बुझाउँछ, समाजका असल-खराब, व्यावहारिक र वैचारिक पक्षलाई इङ्गित गर्दछ । विभिन्न सन्दर्भमा भएका आन्दोलन, परिवर्तन तथा नवीनताहरूको युगीन परिप्रेक्षमा निर्मित पात्रहरू त्यस कालकै समाजको अभिन्न अङ्गझैँ प्रतीत भई उनीहरूका विचारधाराबाट प्रभावित भइन्छ भने पात्रका विचार र मनोभावहरू पनि समाजका तिनै आन्दोलनहरू वा परिस्थितिहरूद्वारा प्रभावित र निर्मित हुन्छन् (२०५२, पृ. १०) । उल्लिखित पारिभाषिक दृष्टिकोणका केन्द्रमा परिवेश वा पर्यावरणभित्र मूलतः देश वा स्थान, समय वा काल र अवस्था वा वातावरण पर्दछन् । यहाँ तिनको अलगअलग परिचय दिइएको छ ।

### देश/स्थान

कुनै पनि कथामा कथाको घटना घटित भएको देश वा स्थान कुन हो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । प्रायः कथामा देश वा स्थान पात्र र विषयको आधारमा उसको देश र गाउँ हुने गर्दछ तर आवश्यकताले देश बाहिरका घटनाहरू पनि परिवेश बन्न सक्दछन् । मैनालीको 'शहीद' कथामा भारतको परिवेश छ भने भवानी भिक्षुका कथामा प्रायः तराईको परिवेश पाइन्छ । गोविन्द मल्लका कथामा काठमाडौंको परिवेश पाइन्छ । विश्वप्रेम अधिकारीको 'स्वर्ग र पितृ' कथामा नेपाल भारत र अफ्रिकाको परिवेश प्रयोग भएको छ । उनका कथाको स्थानिक परिवेश मूलतः स्याङ्जा रहेको पाइन्छ ।

### समय/काल

कथा कुन समयको घटनामा आधारित छ भन्ने कुरा पनि परिवेशअन्तर्गत पर्दछ । आख्यान मूलतः भूत र वर्तमानमा प्रस्तुत हुन्छ तापनि कहिलेकाँही भविष्यत्को पनि प्रयोग हुन्छ (पौड्याल, २०६५, पृ. १३६) । यसले पात्रको भेषभूषा र भाषामा प्रत्यक्ष प्रभाव पार्दछ । यसका साथै उसको रीतिस्थिति, भेषभूषा, जीवनस्तर, सोँचाइ जस्ता कुरालाई समय वा कालले स्पष्ट प्रभाव पार्दछ (बराल र एटम, २०५८, पृ. ३८) । नेपालका ग्रामीण परिवेशको चित्रण भएका कथाहरूमा २०३५/०४० पूर्वका कथाहरूमा यातायातको प्रयोग न्युन भएको पाइन्छ । २०६० पूर्वका कथामा मोवाइल आदिको प्रयोग भेटिँदैन । त्यसको ठाउँमा हुलाक चिठी जस्ता सञ्चार माध्यमको प्रयोग पाइन्छ । वर्तमानमा लेखिने कथाहरूमा सूचना सम्प्रेषणका निम्ति पत्रको प्रयोग न्युन पाइन्छ । कथामा प्रयोग गरिएको परिवेशका कारण कतिपय अवस्थामा त्यस समाजको ऐतिहासिक तथ्यलाई समेत पहिचान गर्न सहयोग पुग्दछ ।

### अवस्था/वातावरण/परिस्थिति

कथामा प्रस्तुत गरिएका पात्रहरूको आर्थिक अवस्था, शैक्षिक अवस्था, दुःख सुख, जातीय अवस्था, पात्रको मनका विषाद, आशक्ति, क्षोभ, हर्ष, ईष्या, ग्लानि र त्यससँग सम्बन्धित पारिवारिक, सामाजिक, अन्तर्सम्बन्धजस्ता विषय अवस्था वा वातावरणअन्तर्गत पर्दछन् । गुरूप्रसाद मैनालीको छिमेकी कथामा प्रयुक्त भदौको गर्मीका कारण उत्पन्न आँठेज्वरो, विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा'मा केशवराजको मानसिक क्रोधलाई उत्कर्षता प्रदान गर्ने तत्त्व घरमा भरिएको धुवाँ, कसिएको सुरुवाल आदि हुन् ।

यसरी कथाहरूमा प्रयुक्त परिवेश कथाको घटना घटित भएको समय, ठाउँ र घटनाहरू घट्दा तिनलाई एकप्रकार उत्कर्षमा पुऱ्याउने सहयोग गर्ने पक्षहरू नै परिवेश बनेर आएका हुन्छन् ।

### *टिमुरको झोल* कथासङ्ग्रहका कथामा प्रयुक्त परिवेशको अध्ययन

विश्वप्रेम अधिकारी १५/१६ वर्षको कलिलो उमेरबाट नै साहित्यमा लागेको देखिन्छ । राजनीतिक बन्दीको रूपमा जीवन बिताइरहेको बेला २०३१/३२ सालतिर उनले कथाहरू लेखेको देखिन्छ । लेखककै भनाइअनुसार हालसम्म उनले छवटा मात्र कथा लेखे, जसमध्ये उनको एउटा कथा (माझी कान्छो) हालसम्म पनि प्रकाशित भएको छैन भने अन्य कथाहरू *युगभाषा* र *हाम्रो पुरुषार्थ*का विभिन्न अङ्कहरूमा प्रकाशित भएका छन् । तिनै कथाहरूलाई सङ्कलन गरी सङ्ग्रहको रूपमा २०७४ सालमा प्रकाशित गरिएको पाइन्छ ।

अधिकारीका कथाहरू २०३० को सेरोफेरोको परिवेशसँग सम्बन्धित छन् । लेखन समय पनि त्यही भएकोले यो स्वाभाविक पनि हो । उनका कथामा परिवेशको स्थानीय प्रयोग, समय र अवस्था महत्त्वपूर्ण बनेर देखिएका छन् । अधिकारीको *टिमुरको झोल* कथासङ्गहमा पाँचवटा कथाहरू समाविष्ट छन् । आकारका दृष्टिले ज्यादै लामो कथा 'स्वर्ग र पितृ' देखि ज्यादै छोटो कथा 'कामको बाँडफाँड' यसमा समावेश छन् । मूलतः सामाजिक विषयमा आधारित यी कथाहरूमा २०३० को सेरोफेरो समयावधिका साथै एउटा कथामा द्वितीय विश्वयुद्धको सन्दर्भ प्रस्तुत भएको छ । मूल कथ्य राष्ट्रियता नै रहेको यिनका कथाहरूमध्ये धेरैजसो कथाहरूमा राजनीति अभिव्यञ्जित देखिन्छ । यहाँ अधिकारीका कथामा प्रयुक्त परिवेशलाई अलगअलग शीर्षकमा विश्लेषण विभक्त गरी गरिएको छ ।

### *टिमुरको झोल* कथाको परिवेश

सङ्ग्रहकै प्रतिनिधि रचनाका रूपमा देखिएको सङ्ग्रहको पहिलो कथा 'टिमुरको झोल' २०३१/३२ तिर लेखिएको र २०५२ तिर *रजस्थल*मा प्रकाशित भएको कथा हो । लेखकले यस कथाको प्रारम्भ नै परिवेश चित्रणबाट गरेका छन् । स्पष्ट रूपमा समय किटान नगरिएको भए पनि समय स्थान परिवेश सङ्केतका पर्याप्त आधारहरू कथामा प्रयोग भएको पाइन्छ । कथाको थालनीमा परिवेशचित्रण यसरी गरिएको छ-

> रातभरि पानी परेर चिसो भएको आँगन दिनभरिको चर्को घामले ओबाएको थियो । तुलसीको मठदेखि पूर्व भागको आगनमा लटरम्म कोसा लागेका तीलका बोटहरू थिए । आँगनमा एउटा गुन्द्रीमाथि मजेत्रो ओछ्याएर एक छेउतिर चारमाना जति अनदीका धान र अर्को छेउतिर अर्कै टालामा दुई माना जति मकैको ठेलाको बिस्कुन सुकाइएको थियो (पृ. १) ।

कथामा प्रयुक्त यस परिवेशचित्रणले वातावरणीय सन्दर्भलाई सङ्केत गर्दछ । समयका दृष्टिले भदौ महिना हो भन्ने कुरा पानी पर्नु, चर्को घाम लाग्नु र अनदीका धान सुकाउनुले स्पष्ट हुन्छ । यसलाई अझ बढी स्पष्ट पार्न कथामा चिचिण्डोको झाल र फलको प्रयोग भएको छ भने तुलसी कठको निकट तीलका लटरम्म कोसा

लाग्नुले पनि भदौको परिवेश जनाउँछ । कथामा तीजको सन्दर्भ प्रयोग हुनुले पनि भदौ जनाउँछ । कटहरका बियाँ, साउने आरुका बिया, जस्ता प्रसङ्गले भदौ महिनाको स्पष्ट सङ्केत गरेको छ ।

कथामा अन्य दृष्टिकोणले स्थानको स्पष्ट सङ्केत नगरिए पनि नकटेको डाँडाको प्रसङ्ग, पेल्काचहुर, खनिमजस्ता शब्दले स्याङ्जाको निश्चित स्थानिक परिवेश जनाउँदछ ।

यस कथाले ग्रामीण परिवेश, आर्थिक रूपले विपन्न परिवारमा जन्मिएका बालकको मनोविज्ञानलाई प्रस्तुत गरेको छ । यस कथाको प्रमुख पात्र बालक शम्भु हो । बाबु जेलमा परेकोले घरमा ऊ आमा सुशीला र दिदीसँग घरमा बस्छ । मीठो खान पर्व कुर्नुपर्ने अवस्थाको सङ्केत गरिएको कथामा घर अगाडिको चिचिन्डोको झालमा बतिलो लागेदेखि नै शम्भुले आमासँग त्यो खाने रहर गर्नु र आमाले तीजमा खाने कुरा सुनाउनुले मीठो खान पर्व नै कुर्नुपर्ने अवस्था कथामा वर्णित छ । साथै झालमा फलेको एउटा चिचिन्डो कुहिदा टिमुरको झोलसँग खाजा खानुपर्ने बाध्यताले पनि आर्थिक गरिबीतर्फ सङ्केत गर्दछ ।

घाँस काट्न हिँडेकी सुशीलालाई शम्भुले पछ्याउँदा खुट्टामा काँढा बिझ्ने डर देखाएर जान नदिनुले बच्चालाई चप्पलसम्म किनिदिन नसक्ने अवस्थाप्रति सङ्केत गर्छ ।

साहित्यकार जुन युगमा बाचेको हुन्छ त्यस युगको आफ्नै सामाजिक समस्या, सांस्कृतिक व्यवस्था हुन्छ ( शर्मा र लुइटेल, २०६१, पृ. १२९) । यस कथाले त्यसलाई बलियो ढङ्गले उठाएको पाइन्छ । यस कथामा स्पष्ट समय किटान नगरिए पनि कथा लेखनको समय २०३० तिरको समय हो भन्ने कुराको सङ्केत, धान ढिकीमा कुट्नु, कर्तव्यका कारण शम्भुको बाबु जेलमा पर्नु, बच्चाको खुट्टामा चप्पल नहुनु, जस्ता कुराले सङ्केत गरेको छ । भदौ महिना हो भन्ने कुराको सङ्केत मूलतः तीजको प्रसङ्ग, अनदीका धान सुकाउनु, चिचिन्डाको झालमा चिचिन्डो फल्नु, तुलसी मठ नजिक तीलको बोट र त्यसमा लागेको कोसा, हऱ्यौको डर, साउने आरुका बिया, गौथलीका हुल, आदिले स्पष्ट पारेको छ । स्थानगत परिवेश चित्रणका क्रममा पहाडी गाउँको सङ्केतका साथै नकटेको डाँडोको सङ्केत भेटिन्छ भने कथाले आर्थिक विपन्नताले बालमनोविज्ञानमा पार्ने प्रभावलाई प्रस्तुत गर्न बालकले चिचिन्डोको तर्कारी खाने रहर गर्दा तीज पर्खनुपर्ने र त्यही तीजमा पनि उक्त चिचिन्डो कुहिनाले टिमुरको झोलसँग खानुपर्ने अवस्थाबाट स्पष्ट पारिएको देखिन्छ ।

### *स्वर्ग र पितृ* कथाको परिवेश

आकारका दृष्टिले सङ्ग्रहभित्रका कथामध्येको सर्वाधिक लामो कथा 'स्वर्ग र पितृ' परिवेशका दृष्टिकोणले अन्य कथाभन्दा भिन्न र विशेष छ । कालगत दृष्टिले यस कथामा तीनवटा भिन्नभिन्न कथाहरू छन् र ती कथाहरू एकआपसमा असम्बन्धित रहेर पनि एक कथाक्रमको जिज्ञासाले अर्को कथा जन्मिएको देखिन्छ ।

पहिलो कथामा दसैँको महाष्टमीमा गाउँका रसिक ठिटाहरू चौतरिया कान्छा शाहज्यूका घरमा कालरात्री पूजा हेर्न र मालश्री गाउन गएपछि नरेन्द्र र राजेन्द्र गुणाखरकोमा जान्छन् र कथा सुनाउन आग्रह गर्छन् । उनीहरूको आग्रहमा कथा सुनाउन थालेका पण्डित गुणाखरले आफूले आमालाई काशी लान हिड्ने क्रममा गोरखपुर रेल स्टेसनमा रेलको प्रतीक्षा गर्दैगर्दा भेटिएका एक नेपालीसँग परिचय माग्ने क्रममा अचम्मको परिचय दिएपछि उनलाई आफ्नो कथा सुनाउन आग्रह गरेको घटना सुनाउँछन् । एक सानो बालकका साथ रेलवेस्टेसनमा केही कुरिरहेका ती व्यक्तिले आफ्नो कथा सुनाउछन् । उनी गुल्मीको वाङ्ला निवासी नरेन्द्र ज्ञवाली हुन्छन् । विश्वयुद्धमा भारतको गोर्खापल्टनको तर्फबाट हिटलरको तानासाही शक्तिका विरुद्ध ब्रिटिसका तर्फबाट लड्न गएको नरेन्द्र पल्टनबाट बेखबर हुँदै दक्षिण अफ्रिकाको एउटा गाउँमा आश्रय लिन पुग्छ र त्यहीँ मार्गरेट नामकी युवतीसँग घरजम गर्छ । दुई छोराछोरीको बाबु बन्छ तर सोह्रवर्षपछि उसलाई वाङ्लाको घर,

आमा, श्रीमती र सन्तानको सम्झना आउँछ र ऊ घर फर्कन्छ तर बाटोमा भेटिएका जुवाइले उसलाई मरेको सम्झिएर घरकाले श्राद्ध गर्ने गरेको थाहा पाएपछि उनीहरूका हात कोसेली पठाएर ऊ फर्कन्छ । दिल्ली पुगेर अफ्रिकाको राहदानी नपाएपछि गोरखपुर फर्किन्छ । त्यहीँ कुनाघाटस्थित एक अधबैसे नेपाली विधवासँग विवाह गर्छ । अफ्रिका र नेपाल दुवैतर्फ पत्र पठाउँछ । एकदिन रेलको डब्बामा लावारिस नवजात शिशुलाई भेटेर काख लिन्छन् ।

यसप्रकार कथाको घटनाक्रम अघि बढेको कथामा नरेन्द्रले आफ्नो कथा सुनाइसक्दा काशीको रेल आउँछ र गुनाखरहरू रेल चढ्छन् । गुनाखरले त्यो कथा सुनाइसक्दा कान्छा शाहज्यूकहाँबाट पूजा हेरेर ठिटाहरू फर्कन्छन् र राजेन्द्र र नरेन्द्र पनि उठ्छन् ।

यस कथामा घटनाक्रमहरू तीन चरणमा र तीन भिन्न कालखण्डका छन् । एउटा कथामा दोस्रो विश्वयुद्धको समयको उल्लेख छ । सन् १९३५ मा भारतको गोर्खा पल्टनमा भर्ती भएको र दक्षिण अफ्रिकाको जमिनमा लडेको सन्दर्भ छ । १६ वर्षपछि नेपाल फर्केको सन्दर्भमा पाल्पा गुल्मीबाट सामाज बेसाउन बटौली जानुपर्ने बेलाको चित्रण छ भने दोस्रो कथामा भारतको गोरखपुरस्थित रेलवेस्टेसनको नजिक कुनाघाटको छोटीलाइन रेलको सन्दर्भले पनि कथाको समयकाल धेरै पुरानो हो भन्ने बुझाउँछ रर अर्को कथात्रममा शाहज्यूकहाँ कालरात्री पूजा हेर्न जाने प्रचलन र बुढामान्छेकहाँ कथा सुन्ने प्रचलन जस्ता सन्दर्भहरू कालक्रमलाई सङ्केत गर्ने परिवेश हुन् । कथामा दसैंको महाष्टमीको रात्रीकालीन परिवेशका साथै गाउँको हुक्का तान्ने पण्डित गुणाखरको घर परिवेश बनेका छन् । अर्को महत्त्वपूर्ण परिवेश गोरखपुर रेलवे स्टेसन हो । त्यसैगरी पाल्पाको खस्यौली र दक्षिण अफ्रिकाको गाउँ तथा नाग मणिको खोजी गर्ने अफ्रिकाको घना जङ्गलको रात्रीकालीन समय कथामा प्रस्तुत भएका छन् । स्थान नामहरूमा गोरखपुर रेलवे स्टेसन, दक्षिण अफ्रिकाको एउटा गाउँ, गुल्मीको वाङ्ला, पाल्पाको अर्घली, धौलागिरी, माछापुच्छ्रे, कालीगण्डकी, रिडी खोला, दिल्ली, नौतनवा, खस्यौली, कुनाघाट, स्थाननामहरू हुन् । यीमध्ये केही घटनासँग जोडिएका र केही परिवेश चित्रणका क्रममा प्रस्तुत भएका छन् । कथाकारले कथालाई जीवन्त बनाउन "शरद्को शुक्ल पक्ष, बाह्य जगत निकै आकर्षक थियो । टह-टह जून लागिरहेकोले दैलामुनिको खेतमा धानका बाला शीत बोकेर टल्केको दृष्ट पण्डित गुणाखरको पिढीँबाट टड्कारै देखिन्थ्यो" (पृ. १५) जस्तो परिवेश चित्रण गरिएको पाइन्छ । दोस्रो विश्वयुद्ध, त्यसको केही वर्षपछिको नेपाल, असोज महिना, सामाज लिन पैदल बटौली जानुपर्ने समय, नेपालीहरू वृद्धावस्थामा काशी जाने परम्परा, दशैमा कालरात्री पूजा गर्ने र ठूलाबडाको घरमा मालश्री गाउने प्रचलन कथामा महत्त्वपूर्ण परिवेश बनेका छन् ।

## सुवेदारकी छोरी कथाको परिवेश

'सुवेदारकी छोरी' *टिमुरको झोल* कथासङ्ग्रहभित्रको तेस्रो क्रममा रहेको कथा हो । यस कथामा लेखकले स्याङ्जाबाट पोखरामा स्नातकतहमा पढ्न बसेकी आशाका पिताले छोरीको चाहनाविपरित उसँग एकशब्द पनि नसोधी विवाहको निर्णय गरेको विषयलाई कथाका रूपमा प्रस्तुत गरेका छन् । लैङ्गिक विभेदलाई प्रस्तुत गर्ने यस कथामा कथालाई जीवन्त बनाउन लेखकले विभिन्न परिवेश निर्माण गरेका छन् । कथाको आरम्भ नै परिवेशचित्रणबाट भएको छ । जस्तै "सूर्य लुकामारी खेलिरहेको थियो, बादलको सप्कोभित्र । घरि बाहिर, घरि भित्र । मानौँ ! सूर्य पनि चञ्चले बालक हो" (पृ. ) ।

कथामा समयको स्पष्ट सङ्केत नगरिए पनि सामान्यतः छोरीहरूलाई उच्च शिक्षामा भर्खर प्रवेश गराउन थालिएको, विवाहका लागि छोरीसँग सोध्ने, परामर्श गर्ने र केटाकेहीबीच संवाद गर्ने परम्पराको थालनी नहुँदैको समय हो भन्ने स्पष्ट हुन्छ । अवस्थाका दृष्टिकोणले आशामा आफूलाई नसोधी विवाह गरिदिदा असन्तुष्टि रहे पनि त्यसको विरोध गरेको पाइँदैन । यसबाट तत्कालीन समयमा विवाहका निम्ति छोरीमान्छेलाई नसोधिनु र त्यसकारण आशाले पनि परिवार (पिता)को निर्णयलाई स्वीकार गर्नु जस्ता अवस्थाको सिर्जना भएको पाइन्छ ।

यस कथामा पृथ्वीनारायण क्याम्पस पोखरा, क्याम्पसको सूचना बोर्ड टाँगिएको ठाउँ, क्याम्पसबाट कोठातिर फर्कदैगर्दाको बाटो, ऊ भाडामा बस्ने नदीपुरको एक बाहुनको घर, माछापुच्छ्रे, महेन्द्रपुल, पोखरा विमानघाटस्थित बसस्टप, पोखराबाट स्याङ्जाको यात्रा गर्ने बाटो, कुभिन्डे भञ्ज्याङ, स्याङ्जा बजार, आशाको घरको बैठककोठा, स्थानगत परिवेशका रूपमा प्रयोग भएको पाइन्छ । कथामा पोखरा र स्याङ्जा मुख्य स्थल बनेको पाइन्छ भने आफ्ना बाबाको 'कसै गरे पनि घर आउने काम गरे' भन्ने अभिव्यक्तिले आशाको मनमा उत्पन्न द्वन्द्व, साथी विमलका कुराले उसको मनमा परेको प्रभाव कथामा महत्त्वपूर्ण देखिन्छ । लेखकले कथालाई प्रभावकारी तुल्याउन "बाटो सुनसान थियो उसको मनजस्तै । पोखराबाट टड्कारो देखिने माछापुछ्रेसम्म पुग्छन् उसका आँखा । सूर्यले आफ्नो किरणरूपी तुलिकाले माछापुछ्रेलाई सिंगारेको थियो" (पृ. ४०) "मूलबाटो सुनसान छ, वातावरण नै चकमन्न । माछापुछ्रेमा रङ्ग पोत्ने सूर्य पनि लुकिसकेको छ" (पृ. ४१) "चराहरू चिरबिर, चिरबिर गरिरहेका थिए । आफ्नो क्षणिक साम्राज्यमा उषा हाँसिरहेकी थिई" (पृ. ४१) जस्ता परिवेश चित्रणका साथै विवाहको परिवेशचित्रण कथामा महत्त्वपूर्ण बनेर प्रस्तुत भएको पाइन्छ । कथाकी नायिका आशाले भारतीय सैनिक लोग्नेलाई अर्काको लागि लड्नुभन्दा देशमै राजनैतिक परिवर्तनका लागि सङ्घर्ष गर्न आग्रह गरेबाट देशको निरङ्कुश शासनप्रति युवाहरू रुष्ट हुँदै सङ्घर्षतर्फ अग्रसर हुन लागेको समय कथाको परिवेशको रूपमा चित्रित छ ।

### *पुजारी कान्छो* कथामा परिवेश

'पुजारी कान्छो' *टिमुरको झोल* कथासङ्ग्रहमा रहेको चौथो क्रमको कथा हो । यस कथामा अधिकारीले आफू जेलमा रहँदा यहीँको परिवेशलाई परिकल्पना गरेर सिर्जना गरेको प्रतीत हुन्छ । कथामा स्पष्ट भनिएको छ "यो एकतीस साल मलाई मीठो लागिरहेछ उषाजस्तै" (पृ. ५३) । कथाको स्थान स्याङ्जाको सोलिघोप्टे नजिकैको जेल हो भन्ने सङ्केत कथाको आरम्भमै गरिएको छ । कथा परिवेश चित्रणबाट आरम्भ गरिएको छ- "सूर्यलाई प्रसव पीडाले छोएको थियो क्यारे ? कारागारको पूर्व कोणबाट सोली घोप्टेमा स्पष्टसँग देखिन थालेका थिए फितला किरणहरू" (पृ.५३) ।

कथामा नायकको रूपमा हरिमाधव नामक बौलाहालाई प्रस्तुत गरिएको छ । ऊ सुरक्षा ऐन २०१८ अन्तर्गत थुनिएको छ । जेलभित्रको मुख्य परिवेश रहेको कथामा नायकको बीभत्स स्वरूप प्रस्तुत गरिएको छ । मागेर खाने पुजारी कान्छोलाई जेलमा थुनिएपछि उसले बोकिराखेको पोका खोल्नु, उसलाई काँचो कनिका दिनु र त्यो खाएर बिसन्चो हुनु, उसले दसैँको बेला मुक्तिको कामना गर्दा ठेंड्कोमा बाधिदिनुजस्ता सन्दर्भहरू कथामा परिवेश बनेर आएका छन् । कथामा स्थान, कालका साथै परिस्थितिको कारुणिक प्रस्तुति पाइन्छ । राज्यको अमानवीयतालाई कथाले प्रस्तुत गरेको देखिन्छ । निरङ्कुश व्यवस्थाको बिरोधमा उत्रिएका युवालाई जेल चलान गर्ने र उनीहरूलाई तर्साउन हरिमाधव जस्ता निरीह विक्षिप्तलाई यातना दिने तत्कालीन राज्यव्यवस्थाको सङ्केत कथाले गरेको पाइन्छ ।

### *कामको बाँडफाड* कथाको परिवेश

*टिमुरको झोल* कथासङ्ग्रहभित्रका कथामध्येको पाँचौँ (अन्तिम) क्रममा रहेको 'कामको बाँडफाड' कथा लघुसंरचनाको कथा हो । झट्ट हेर्दा परिवेशको विशेष प्रयोग नभएको हो कि जस्तो देखिने यस कथाले गर्तमा विशिष्ट प्रकारको परिवेश आत्मसात गरेको प्रतिध्वनित हुन्छ । कथामा केही स्पष्ट रूपमा सङ्केत गरिएका परिवेशहरूमा "साउनको मुसलधारे वर्षा र भेल..." (पृ.६०), "त्यो रातको समय गोठको बलेसीमा टाउकोमात्र ओतेर..." (पृ.६१), "त्यस निष्पट्ट अँध्यारोको मौनतालाई भङ्ग नगरिकनै ऊ उभिइरही" (पृ. ६२) जस्ता सङ्केत पाइन्छन् ।

कथाले बोकेको समय मूलतः नेपालमा राजनैतिक परिवर्तनका निम्ति आत्मबलिदानी गर्ने सचेत युवाले परिवार त्याग्ने गरेको समय हो । ठाउँको स्पष्ट सङ्केत नभए पनि राजेशले पत्नी अनिता र तीन महिने छोरी रजनीलाई छोडेर निस्वार्थ ढङ्गले राष्ट्र हँसाउने कर्तव्यमा लाग्न पत्नीसँग विदा मागेको रात्रीकालीन पानी परिरहेको गोठको दृष्य कथामा वर्णित छ । ऊ भन्छ "मेरो कुनै स्वार्थ छैन, पद र पैसाको लिप्साले पनि होइन अनिता । मेरो कतर्व्य पो त !" (पृ. ६०) कथामा त्यही घटनालाई अतीतको सम्झनाको रूपमा अनिताले स्मरण गरेकी छ । यस कथाले निरङ्कुश शासन व्यवस्थाको विरुद्धमा परिवार नभनेर, झरी बर्खा नभनेर, कुनै प्रलोभन नलिई युवाहरू समर्पित भएको समयलाई प्रस्तुत गरेको पाइन्छ ।

## निष्कर्ष

विश्वप्रेम अधिकारीले जेल जीवन (२०३१/०३२) मा लेखेका र २०५०-०५५ को *रजस्थज*का विभिन्न अङ्कहरूमा प्रकाशित पाँचवटा कथाहरूको सङ्ग्रहको रूपमा *टिमुरको झोल* कथासङ्ग्रह प्रकाशित भएको छ । सामाजिक यथार्थवादलाई अवलम्बन गरिएका यस सङ्ग्रहका कथाहरू परिवेशका दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण र प्रभावकारी छन् । स्थानका दृष्टिले टिमुरको झोल स्याङ्जाको ग्रामीण परिवेशमा र पुजारी कान्छो स्याजाको जेलको परिवेशमा आधारित छ । सुवेदारकी छोरीले स्याङ्जा र पोखरालाई परिवेश बनाएको छ भने स्वर्ग र पितृले स्याङ्जा, गुल्मी, पाल्पा, गोरखपुर, हुँदै अफ्रिकाको गाउँ र घना जङ्गललाई परिवेश बनाएको छ । आकारका दृष्टिले सबैभन्दा ठूलो यो कथा परिवेश (स्थान) का दृष्टिले पनि सर्वाधिक विस्तृत छ । संरचनाका दृष्टिले पनि सानो र स्थानको स्पष्ट सङ्केत नभएको कथाका रूपमा कामको बाडफाड कथा देखिन्छ ।

कालगत दृष्टिले स्वर्ग र पितृ कथाले दोस्रो विश्वयुद्धकाल सन् १९३५ देखि करिब १६/१७ वर्षसम्मको समयावधिलाई प्रस्तुत गरेको छ भने अन्य कथाहरूले नेपालमा निरङ्कुश शासनव्यवस्थाका विरुद्धमा युवाहरूले सङ्घर्ष गरिरहेको समय प्रयोग भएको छ । टेनको लेखक साहित्यकार जीवनको महत्त्वपूर्ण क्षणका प्रेरणाबाट प्रभावित हुन्छ (शर्मा र लुइटेल, २०६१ : १२९) भन्ने अभिव्यक्ति यहाँ ज्यादै सान्दर्भिक देखिन्छ । अधिकारी स्वयं निरङ्कुशताका विरुद्धमा जेल जीवन बिताइरहेका बेला लेखिएका कथामा टिमुरको झोलमा शम्भुको बाबु जेल परेको छ । सुवेदारकी छोरीमा आशा आफ्नो लोग्नेलाई भारतीय सैनिकको नोकरी छोडेर देशमा विद्यमान निरङ्कुशताका विरुद्धमा सङ्घर्ष गर्न आग्रह गर्छे । पुजारी कान्छोमा लेखक म पात्र जेलमै हुन्छ र जेलभित्र पुराजी कान्छोमाथि गरिएको यातनापूर्ण अमानवीय व्यवहारको चित्रण छ भने कामको बाडफाडमा आफ्नी तीन महिनाकी छोरीको जिम्मा पत्नी अनितालाई सुम्पिएर राजेश निरङ्कुशताको विरुद्ध सङ्घर्षमा लाग्छ ।

परिस्थिति अवस्था वा वातावरणीय दृष्टिले टिमुरको झोल कथाले गरिबीले थिचिएका नेपाली र बालमनोविज्ञानलाई प्रस्तुत गरेको छ भने जीविकोपार्जनकै निम्ति विदेश जानुपर्ने नेपाली युवाको नियति र उनका परिवारको दयनीयतालाई स्वर्ग र पितृ कथाले प्रस्तुत गरेको छ । सुवेदारकी छोरीले नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद र शिक्षाकै कारण नारीहरू क्रमशः स्वतन्त्रताभिमुख बनेर आफ्ना विचार राख्न थालेको अवस्थाप्रति सङ्केत गरेको छ भने पुजारी कान्छोले राज्यको निरङ्कुशता, विद्रोहलाई दबाउन निमुखा विक्षिप्तलाई यातना दिएर सङ्घर्षपूर्ण युवालाई भयभीत तुल्याउन खोज्ने मनोदशालाई प्रस्तुत गरेको छ । कामको बाँडफाडले युवामा राजनैतिक स्वतन्त्रताप्रतिको उत्साह, लगाव र समर्पणलाई प्रस्तुत गरेको छ ।

सूर्योदय, हिमाल आदि दृश्य चित्रणका सार्थ विभिन्न स्थाननामहरूको प्रयोग, तीज, दशैँजस्ता पर्व र परम्पराको चित्रण, लोग्ने मरेपछि श्राद्ध गर्ने र श्राद्ध गरेपछि जीवित नै भए पनि घर फर्कन नहुने हाम्रा धार्मिक

संस्कार, यात्राको साइतमा जनैको प्रयोग जस्ता सांस्कृतिक रीतिरिवाज पनि यस कथासङ्ग्रहका कथाहरूमा प्रयोग भएका छन् । परिवेश प्रयोगका दृष्टिले अधिकारीका कथाले २०३० को सेरोफेरो र त्यसपूर्व दोस्रो विश्वयुद्धकालको नेपाली समाजको जीवन्त प्रस्तुति गरेका छन् ।

## सन्दर्भसूची


अधिकारी, विश्वप्रेम (२०७४). *टिमुरको झोल.* स्याङ्जा : गायत्री अधिकारी (लामिछाने) र जानकी अधिकारी ( तिमिल्सेना) ।

आप्टे, शिवराम वामन (सन् १९६९). *संस्कृत हिन्दी कोश (द्वितीय संस्क).* दिल्ली : मोतीलाल बनारसीदास प्रा. लि. ।

गैरे, शंकरप्रसाद (२०७४). *कथा सिद्धान्त र प्रतिनिधि नेपाली कथा.* काठमाडौं : कमलादेवी न्यौपाने ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

थापा, मोहनहिमांश (२०६६). *साहित्यपरिचय (पाँचौं संस्क.).* ललितपुर : साझा प्रकाशन ।

*नेपाली बृहत् शब्दकोश.* पाँचौं संस्करण. काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पौड्याल, परशुराम ( २०६५). *कथाको रूपविन्यास सिद्धान्त र विवेचना.* काठमाडौं : नवराज बज्गाइँ ।

पन्थ, टंक (२०७७ मंसिर). 'काव्यत्रयीमाथि समीक्षात्मक टिप्पणी'. *सोपान.* (वर्ष ? १७, अङ्क :६). पृष्ठ ७०-७९ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार (तेस्रो संस्क.).* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास (दोस्रो संस्क.).* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद. (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०६४). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति (दोस्रो संस्क.).* ललितपुर : साझा प्रकाशन ।